# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................  मिति:- २०८३।०६।०५

**स्नातकोत्तर तह (MA) चौथो सेमेस्टरको मौका परीक्षा (Make up Exam) को परीक्षा फाराम भर्ने सम्बन्धी जरूरी सूचना !**

सेमेस्टर प्रणाली सञ्चालन विनियम, २०७४ को परिच्छेद ४ को विनियम १० को (क) (१) अनुसार चार सेमेस्टरको शैक्षिक कार्यक्रममा पहिलो, दोस्रो र तेस्रो सेमेस्टरमा अनुत्तीर्ण हुने विद्यार्थीले नियमित चक्र परीक्षामा मौका परीक्षा दिन सक्नेछन भने चौथो सेमेस्टरको नियमित सत्रान्त परीक्षामा २ विषयसम्म अनुत्तीर्ण हुने विद्यार्थीको हकमा अन्तिम परीक्षाफल प्रकाशित भएको मितिले एक महिना भित्र मौका परीक्षाको अवसर पाउने छन् भन्ने प्रावधन रहेको सन्दर्भमा यस सङ्कायको स्नातकोत्तर तहमा सन् २०२३ समुहका २०८३ जेठ महिनामा सञ्चालन भएको चौथो सेमेस्टरको नियमित सत्रान्त परीक्षामा एक वा दुईवटा विषय अनुत्तीर्ण भएका **विद्यार्थीहरूलाई नियमित चक्र अगावै मौका परीक्षा** (Make up Exam) संचालन हुने भएको हुँदा उक्त बमोजिमका विद्यार्थीहरुले मात्र तपशिल बमोजिम आ-आफ्नो क्याम्पस/कलेजहरूमा गई भौतिक रुपमै परीक्षा फाराम भर्न भराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । परीक्षा फाराम यस सङ्कायको **Website:** www.tufohss.edu.np गई फाराम Download गरी प्रिन्ट गर्न सकिने छ ।

**तपसिल**

- **परीक्षा फाराम भर्ने समयावधि:** मिति २०८३ साल असोज १५ गतेदेखि कार्तिक १२ गतेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा मिति २०८३ कार्तिक १५ गतेसम्म अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।
- **परीक्षा दस्तुर** : परीक्षार्थीहरुले पुरक परीक्षा वापत रु.२५००।- (अक्षरेपी दुई हजार पाँच सय रुपैया मात्र) सम्बन्धित क्याम्पस कलेजमा बुझाई फाराम भर्न सक्नेछन् । यसरी संकलित परीक्षा फारामहरुका साथ परीक्षा शुल्क वापतको रकम यस कार्यालयको नेपाल बैक लिमिटेडमा रहेको **च. हि. नं. ०४५००१०००९९०४५००००१** को खातामा जम्मा गरी सो को **सक्कल भौचर** सहित सम्बन्धित क्याम्पस कलेजहरुले कार्तिक १७ गतेभित्र अनिवार्य रुपमा परीक्षा फाराम सहित डीन कार्यालयको परीक्षा शाखामा बुझाईसक्नु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फाराममा विवरण भर्दा शुद्धसँग भर्नु पर्नेछ । यसरी भरेको फारामका साथमा प्रथम, दोस्रो र तेस्रो सेमेष्टर पास भएको ग्रेडसिटहरु र चौथो सेमेष्टरको प्रतिलिपि ग्रेडसिट समेत अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।
- विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क सम्बन्धित क्याम्पस कलेजहरुले नै परीक्षार्थी फाराममा भरि उपर्युक्त बमोजिम रित पुगे नपुगेको सम्बन्धित क्याम्पस/कलेजहरुबाटै रुजु गरी पठाउनु पर्नेछ ।

उपरोक्त बमोजिम रितपूर्वक परीक्षा फाराम भर्ने परीक्षार्थीहरुको मौका परीक्षा मंसिर महिनाको पहिलो हप्ताभित्रै शुरु गर्ने गरी परीक्षा कार्य तालिका पछि प्रकाशित गरिने व्यहोरा पनि सूचित गरिन्छ । साथै परीक्षा केन्द्र काठमाडौंमै हुनेछ ।

.............................
**डा. चिरञ्जीवी आचार्य**
**सहायक डीन**

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोन: +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np